BRITISH COUNCIL

INTO FILM

# डकुमेन्ट्री फिल्मः बनाउने तरिका

## स्रोत पुस्तिका

## रोड टु कोप२६ x क्यामेरा सिक





## क्यामेरा चीकाको बारेमा

Cámara Chica–स्पेनिस भाषाका शब्दहरु हुन् । यसलाई विभिन्न देशमा स्थानीय परिवेश अनुकूल सुहाउँदो अर्थमा अनुवाद गरिएका छन् । अंग्रेजी भाषामा "सानो क्यामेरा" भन्ने अर्थमा यसको अनुवाद गरिएको छ । नेपाली भाषामा यसलाई क्यामेरा सिक्नु भन्ने अर्थमा "क्यामेरा सिक" भन्ने नाम दिइएको छ । जुनसुकै नाम दिए तापनि यो एउटा कार्यक्रम हो र यसको लक्ष्य भनेको संसारका विभिन्न मुलुकका शिक्षाकर्मी र समुदायका अगुवाहरूमा बालबालिकालाई डिजिटल फिल्म निर्माणबारे सिकाउन र दृश्य कथा प्रस्तुतिमा अनुभव दिलाउन आवश्यक पर्ने सीपहरूको ज्ञान भर्नु हो ।

नेपालमा क्यामेरा सिक कार्यक्रम सन् २०१९ मा सुरू गरिएको हो र त्यसयता यो कार्यक्रमले स्वतन्त्र फिल्म तथा मिडिया प्रोफेसनलहरूसँग मिलेर विभिन्न विषयमा मौलिक सिर्जनाका सामग्री विकास गर्न नेपालभरका १५० भन्दा बढी बालबालिकासँग कार्य गरिसकेको छ । यस कार्यक्रमले प्रदान गर्ने क्षमता विकासका गतिविधि र सहकार्यबाट बालबालिकाले फिल्म निर्माणलाई समालोचनात्मक सोच र सामाजिक सीपहरु विकास गर्ने एउटा माध्यमको रूपमा प्रयोग गर्नेछन् भने यसमार्फत् विद्यालय र शिक्षाकर्मीहरूलाई कलामा आधारित सिकाइ अवधारणामा परिचित गराइन्छ ।

## जलवायु परिवर्तन सम्बन्धी फिल्मको बारेमा

बेलायतले सन् २०२१ को नोभेम्बर १-१२ सम्म स्कटल्याण्डको ग्लास्गोमा पक्ष राष्ट्रहरूको २६औं राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप २६) को आयोजना गर्दैछ । यस शिखर सम्मेलनले विभिन्न देश/राज्य प्रमुख, वातावरण क्षेत्रका विज्ञ तथा अभियन्ता र अन्य सरोकारवालालाई शून्य कार्बन अर्थतन्त्र मार्गको परिकल्पना गरी त्यस दिशामा गति बढाउने प्रतिबद्धता निर्माण गर्न एउटै थलोमा ल्याउनेछ ।

कोप२६ लाई हालसम्मकै अधिकतम समावेशी बनाउने बेलायत सरकारको लक्ष्यमा सहयोग गर्न ब्रिटिश काउन्सिल नेपालले रोड टु कोप२६ अभियान सञ्चालन गर्दैछ । यस अभियानको लक्ष्य भनेको जलवायु परिवर्तनको मारबाट सबभन्दा धेरै प्रभावित वर्गहरूको क्षमता अझ मजबुत बनाउँदै उनीहरूको आवाजलाई विस्तार गर्न सहयोग गर्नु हो । यसमार्फत् उनीहरूले कोप२६ को मार्ग तय गर्ने दिशामा जलवायु परिवर्तन सम्बोधनका लागि कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरु समक्ष आफ्नो आवाज पुऱ्याउन सक्नेछन् ।

जलवायु परिवर्तन सम्बन्धी संवादमा बालबालिकाको योगदानमा सहयोग गर्न हामी ब्रिटिश काउन्सिल र इन्टु फिल्मले क्यामेरा सिक कार्यक्रमलाई रोड टु कोप२६ अभियानको मार्गमा सामेल गरेका छौं । हामीले शिक्षाकर्मी, विद्यार्थी, विद्यालय र स्वतन्त्र फिल्म/ सञ्चारकर्मीबाट बालबालिकाले बनाएका जलवायु परिवर्तन सम्बन्धी फिल्महरु (१८ वर्षभन्दा मुनिका निर्माता वा उनीहरूसँग मिलेर बनाइएको फिल्महरु) माग गर्दैछौं र हाम्रो आधिकारिक मञ्च र कार्यक्रमहरु मार्फत् अनुदान, क्षमता विकास र फिल्मको विशेष प्रस्तुति (screening) अवसरहरु प्रदान गर्दैछौं । यी सहभागिताहरूको माध्यमबाट परियोजनाले जलवायु परिवर्तनका क्षेत्रमा काम गर्ने सरोकारवालाहरु समक्ष बालबालिकाको दृष्टिकोण र सरोकारका कुराहरु पुऱ्याउनेछ ।



## इन्टु फिल्मको बारेमा

इन्टु फिल्म शिक्षा क्षेत्रमा कार्य गर्ने एउटा परोपकारी संस्था हो । यसले फिल्मको माध्यमबाट बालबालिका र युवाहरूको शैक्षिक, सांस्कृतिक र व्यक्तिगत विकासका लागि कार्य गर्दछ ।

इन्टु फिल्मको कार्य र गतिविधिलाई मुख्यगरी ब्रिटिश फिल्म इन्टिच्युटले नेशनल लोटरी मार्फत् र फिल्म इन्डस्ट्रीले सिनेमा फर्स्ट मार्फत् सहयोग गर्दै आएका छन् ।

## ब्रिटिश काउन्सिलको बारेमा

ब्रिटिश काउन्सिल साँस्कृतिक सम्बन्ध र शैक्षिक अवसरहरु विस्तारको लागि कार्य गर्ने बेलायतको अन्तर्राष्ट्रिय संस्था हो । विगत ८० वर्षभन्दा बढी समयदेखि ब्रिटिश काउन्सिलले यस क्षेत्रमा कार्य गरिरहेको छ र यस अभियानमा कलासम्बन्धी गतिविधिलाई अग्रस्थानमा राखेको छ, जहाँ सिर्जनशील कलाको माध्यमबाट संसारभरका मानिसहरूलाई एकअर्कासँग जोड्न र एकअर्कालाई बुझ्न नवीन तरिकाहरु निरन्तर खोज तथा विस्तार गरिन्छ ।

नेपालमा ब्रिटिश काउन्सिलले श्रव्य-दृष्य सम्पदा र समावेशितालाई केन्द्रमा राखी नेपाल चलचित्र विकास बोर्डसँग सहकार्य गर्दै विभिन्न
परियोजनाहरु सञ्चालन गर्दै आएको छ । नेपालमा क्यामेरा सिकलाई नेपाल चलचित्र विकास बोर्ड र युनिसेफले सहयोग गरेको छ भने क्यामरा सिक कार्यक्रमका प्रशिक्षक, सहभागी विद्यालय र बालबालिकाहरूको सहकार्य-मूलक प्रयासले यसलाई अघि बढाएको छ ।

हालको प्रशिक्षक टीममा किशोर आचार्य, सुदिन सुन्दर बज्राचार्य, देवकी बिस्ट, मनोज बोहरा, प्रसुना डंगोल, मनिन्द्र सिंह दनुवार, प्याट्रिका घिमिरे, गौरवध्वज खडका, भगवती नेपाली, महेश श्रेष्ठ, सृजना श्रेष्ठ, रबिक उपाध्याय र प्रधन्य योन्जन रहेका छन् ।




## सुरक्षा तथा संरक्षण

यो स्रोतमा भएका गतिविधिहरु कक्षाकोठामा प्रस्तुत गर्नुअघि विद्यार्थीहरूका लागि यी विषयसामग्री उपयुक्त रहेको सुनिश्चित गर्न यसमा भएका सबै फिल्महरु हेर्नुहोस् । बाह्य लिंकहरु बालबालिकामा साझा गर्नुअघि त्यसमा भएका विषयसामग्री पनि अगाडि नै हेर्नुहोला किनकि हाम्रो जानकारी विना परिवर्तन हुने, हटाइने वा उपलब्ध हुने विषयसामग्रीको लागि हामी जिम्मेवार हुँदैनौं ।

विद्यार्थीहरूलाई फिल्म निर्माण परियोजनामा सहभागी गराउँदा उनीहरूको आमाबुबा/अभिभावकबाट मन्जुरी लिन नबिर्सनुहोस्, मन्जुरी लिनु जरूरी छ । थप जानकारीको लागि ब्रिटिश काउन्सिल वा इन्टु फिल्मलाई सम्पर्क गर्नुहोस् ।





## डकुमेन्ट्री फिल्म निर्माण

डकुमेन्ट्री फिल्म विभिन्न तरिकाले निर्माण गर्न सकिन्छ र तल केही अति महत्वपूर्ण समावेश गर्नुपर्ने पक्षहरु उल्लेख गरिएका छन् । यो स्रोतसामग्री क्यामरा सिकको रोड टु कोप२६ डकुमेन्ट्री फिल्म निर्माण परियोजनाको लागि तयार गरिएको हो र सबै फिल्म जलवायु परिवर्तनको सवालमा केन्द्रित हुनेछन् ।

### संरचना र स्वरूप

डकुमेन्ट्री फिल्म बनाउँदा तलको संरचना अवलम्बन गर्नु धेरै उपयोगी हुन्छ :

१. समस्याको पहिचान गर्ने
२. प्रभावको व्याख्या गर्ने
३. समाधान सुझाव गर्ने
४. लाभको व्याख्या गर्ने

तर यसलाई प्रस्तुत गर्ने तरिका विभिन्न हुन्छन्, यो भन्नुको अर्थ तपाईंको फिल्मको स्वरूपलाई विभिन्न तरिकाले सिर्जना गर्न सकिन्छ । तपाईंको डकुमेन्ट्रीमा प्रयोग गर्न सकिने चारवटा फरक स्वरूप हामी यहाँ चर्चा गर्नेछौं :

- प्रस्तुतकर्ता प्रधान
- भ्वाइसओभर प्रधान
- जानकारी प्रधान
- *कथा वर्णन नभएको

**नोट : यो माथिल्लो स्तरका फिल्म निर्माताको लागि मात्र हो ।*

## प्रस्तुतकर्ता प्रधान

यो फिल्ममा प्रस्तुतकर्ता हुन्छन्, क्यामेरामा बोल्छन्, परिस्थिति बताउँछन् र सहभागीको अन्तर्वार्ता लिन्छन् । तपाईं यो स्वरूपसँग परिचित हुनुपर्छ, किनभने यो स्वरूपलाई हामीले प्रायः टेलिभिजनमा देख्ने गर्छौं ।

यो स्वरूपमा प्रस्तुतकर्ताले अन्य व्यक्ति, विज्ञ वा पेशाकर्मीसँग कुराकानी गर्दा व्यक्त भएका कुराबाट, वा प्रस्तुतकर्ताले आफैले शीर्षकबारे गरेको व्याख्याबाट दर्शकले डकुमेन्ट्रीको शीर्षक थाहा पाउँछन् ।

यदि तपाईंले प्रस्तुतकर्ता प्रधान फिल्म बनाउँदै हुनुहुन्छ भने फिल्मको प्रस्तुतकर्ता ध्यान आकर्षण गर्नसक्ने, आत्मविश्वासी र शीर्षकप्रति उत्सुक वा लगाव भएको हुनु महत्वपूर्ण छ । प्रस्तुतकर्ताको बोली स्पष्ट हुनुपर्छ, उनीहरूले भनेका कुरा दर्शकले सजिलै बुझ्न सक्ने र साहनुभूति राख्ने व्यक्ति हुनुपर्छ ।

प्रस्तुतकर्ता प्रधान डकुमेन्ट्रीको यहाँ एउटा उदाहरण छ ।

यो फिल्ममा प्रस्तुतकर्ताले हामीलाई शीर्षकबारे बताउँछिन् र यसको विभिन्न पक्षमा प्रवेश गर्दछिन् । उनी अन्य कुनै विज्ञ वा जात्राको सहभागीसँग जानकारी लिन कुराकानी गर्दिनन् । उनले आफूले गरेको अनुभव कस्तो छ भन्ने मात्र देखाउँछिन् । सहभागीहरूले कस्तो प्रकारको पोशाक लगाउँछन् र कस्तो प्रकारका गतिविधि गर्छन्, के-के गर्दछन्, साथै कस्तो प्रकारको खानेकुरा उपलब्ध छन् भन्ने कुरा यसमा प्रस्तुतकर्ताले देखाएकी छिन् ।

प्रस्तुतकर्ताले कहिलेकाहीं भ्वाइसओभर दिएको तपाईंले देख्न सक्नुहुन्छ, जसले हामीलाई तलको अर्को स्वरूपको डकुमेन्ट्रीमा लैजान्छ ....





## भ्वाइसओभर प्रधान फिल्म

यो पनि प्रस्तुतकर्ता प्रधान फिल्म जस्तै हुन्छ, तर हामीले यहाँ प्रस्तुतकर्तालाई देख्दैनौं, हामीले उनीहरूको आवाज मात्र सुन्छौं ।

यदि तपाईंले भ्वाइसओभर प्रधान फिल्म बनाउँदै हुनुहुन्छ भने बुझ्न सकिने स्पष्ट आवाज तपाईंले रोज्नुपर्छ र बोल्ने व्यक्तिमा उपयुक्त भावना र आधिकारिकता सिर्जना गर्न सक्नुपर्छ । त्यसैगरी, तपाईंले भ्वाइसओभरलाई एउटा शान्त कोठामा रेकर्ड गर्नुपर्छ । आवाज नगुन्जने, प्रतिध्वनि नहुने कोठा छान्नु राम्रो हुन्छ । आफ्नो लागि सबभन्दा उत्तम विकल्प कुन रहेको छ भनी खोज्न फरक-फरक कोठामा केही अडियो रेकर्ड गरेर हेर्नुहोस् ।

भ्वाइसओभर प्रधान डकुमेन्ट्रीको यहाँ एउटा उदाहरण छ ।

तपाईंले यो फिल्ममा प्रस्तुतकर्तालाई नदेखे पनि आफूले भनिरहेको कुरालाई उनले भिडियो का दृश्य अंशहरूले स्पष्ट पार्दछन् ।

धेरै उपकरण नहुने युवा र बालबालिकाबाट गरिने फिल्म निर्माणको यो एउटा राम्रो उदाहरण हो । फिल्म निर्माताले आफ्नो फोनको मात्र प्रयोग गरेका छन्, कुनै ट्राइपड वा अन्य उपकरण प्रयोग गरेका हुँदैनन् । कहिलेकाहीं क्यामेरा अलिक हल्लिएको जस्तो देखिन्छ, तर उनी शीर्षकमा यति धेरै भिजेका हुन्छन् र उनको कथा यति चाखलाग्दो गरी प्रस्तुत गरिएको छ कि यसले उनको फिल्म धेरै शक्तिशाली बनाउँछ ।

यो फिल्म वास्तविक रूपमा युवा निर्मित फिल्मको उत्कृष्ट उदाहरण हो । यो युवा फिल्म निर्माताले आफूले जे भन्न चाहेका छन्, ठ्याक्कै त्यही बारेमा फिल्म बनाएका छन्, र त्यो भावना दर्शकमाझ धेरै जोडदार रूपमा आउँछ ।

यो फिल्म बेलायतमा कोभिड लकडाउनले उत्पन्न गरेको परिस्थिति प्रति एउटा व्यक्तिले जनाएको प्रतिक्रियाबारेमा भएकोले यसले स्क्रीन वा पर्दामा कुनै तथ्यांक वा जानकारी प्रस्तुत गरेको छैन । यदि तपाईंले जानकारी वा तथ्यांक पर्दामा प्रस्तुत गरी फिल्म बनाउन चाहनुहुन्छ भने तपाईंले तल उल्लेख गरिएको जानकारी प्रधान डकुमेन्ट्रीशैली अवलम्बन गर्नु उपयुक्त हुनेछ ।



## जानकारी प्रधान

यस प्रकारको डकुमेन्ट्रीमा प्रस्तुतकर्ता वा भ्वाइसओभर हुँदैन । यसले केवल पर्दा वा स्क्रीनमा लिखित जानकारी प्रस्तुत गर्छ ।

यदि तपाईंले यस प्रकारको फिल्म बनाउँदै हुनुहुन्छ भने लिखित जानकारी सजिलै पढ्नसक्ने अक्षर/फन्टमा रहेको र मानिसलाई पढ्न पर्याप्त हुने समयसम्म स्क्रीनमा रहन्छ भन्ने पनि निश्चित गर्नुहोस्, तर धेरै लामो समयसम्म चाहिँ होइन ।

त्यसैगरी, यदि तपाईंले कुनै स्रोतबाट तथ्यांक वा जानकारी प्रयोग गर्दै हुनुहुन्छ भने तपाईंले त्यो स्रोतप्रति कृतज्ञता/आभार व्यक्त गर्नुपर्छ । (यसबारे थप कुराको चर्चा हामी पछि गर्नेछौं) ।

जानकारी प्रधान डकुमेन्ट्रीको यहाँ एउटा उदाहरण छ ।

यो डकुमेन्ट्रीको रोचक र चाखलाग्दो पक्ष भनेको यसमा युवा फिल्म निर्माताले केही अवलोकनमूलक दृश्यहरु खिचेका छन्, जुन एउटा काल्पनिक/कथानाक फिल्मबाट आएको जस्तो देखिन्छ र यस शीर्षकमा जानकारी लिएर बसेका बालबालिकाको भिडियो अंशसँग यसलाई सम्मिश्रण गरेका छन् (सन्दर्भ स्रोतलाई फ्रेमको दाहिनेतिर फेदमा प्रस्तुत गरिएको छ) ।

त्यहाँ कुनै अन्तर्वार्ता छैन, बरु फिल्म निर्माताले कथानाक/काल्पनिक फिल्म निर्माणको स्वरुपलाई डकुमेन्ट्री फिल्म निर्माणको स्वरुपसँग मिश्रण गर्ने कार्य रोजेका छन् र नतिजा उत्कृष्ट छ । यसले विद्यालयमा रहेका बालबालिकाको दैनिक जीवनलाई देखाउँछ र शीर्षकले बालबालिकालाई अतिरिक्त महत्व दिन्छ, किनकि यहाँ हामी स्मार्टफोनले गर्दा बालबालिकाको ध्यान विद्यालयमा कसरी विचलित हुने गरेको छ भनी देख्न सक्छौं ।

## कथा वर्णन बिना पाठ नभएका

अन्तमा, यो एउटा यस्तो स्वरूप हो जसले माथिको कुनै पनि विशेषतालाई पछ्याउँदैन । यो पूर्ण रूपमा दृश्यमा आधारित डकुमेन्ट्री हो । यसमा प्रस्तुतकर्ता हुँदैनन्, भ्वाइसओभर हुँदैन, र कुनै पनि लेखेको कुरा प्रस्तुत हुँदैन ।

यो फिल्म बनाउन निकै कठिन हुन्छ, किनकि परिस्थिति बताउन तपाईंसँग प्रस्तुतकर्ता, भ्वाइस वा स्क्रीनमा प्रस्तुत हुने जानकारी हुँदैन । तर यो धेरै शक्तिशाली हुन्छ, किनकि यसले दर्शकलाई शीर्षकको बारेमा गहिरोसँग सोच्न सुरू गराउँछ वा उनीहरूको आफ्नै सम्बन्ध र बुझाइ उत्पन्न गराउँछ । एउटा अधिक सन्तुलित फिल्म निर्माणका लागि अवलम्बन गर्न सकिने यो एउटा धेरै राम्रो स्वरूप हो (सन्तुलनको बारेमा अझ थप चर्चा हामी पछि गर्नेछौं) ।

कथा वर्णनविनाको डकुमेन्ट्रीको यहाँ एउटा उदाहरण छ जहाँ फिल्मको कर्ता केही हदसम्म प्रस्तुतकर्ता जस्तै छन् ।

यसप्रकारको फिल्म बनाउन सजिलो छ, र दर्शकको लागि बुझ्न पनि उत्तिकै सजिलो । तर तपाईंले डकुमेन्ट्रीमा देखाइने व्यक्ति मन पराइने व्यक्तित्व भएका वा दर्शकको लागि चाखलाग्दो रहेको निश्चित गर्नुपर्नेछ ।

तपाईंले आर्ट अफ पार्किंसन्समा कर्तासँग एउटा मात्रा अन्तर्वार्ता गरिएको देख्न सक्नुहुन्छ । कर्ताले आफ्नो कथा बताउँदै गर्दाको सबै भिडियो शटहरु एउटै कोणबाट खिचिएका छन् । त्यसपछि फिल्म निर्माताले कलाको एउटा अंश सिर्जना गरी ती शटहरूसँग अन्तर्वार्ताका शटहरूलाई सम्मिश्रण गरेका छन् ।

यसले कथाको यात्रा सिर्जना गर्दछ । यहाँ आफू पार्किन्सन्स रोगसँग कसरी जुझिरहेको छु भनेर कर्ताले बताइरहेको कथासँगै मात्र हामी यात्रा गर्दैनौं, हामीकलाको सिर्जनासँग पनि यात्रा गर्छौं । यी दुईको संयोजनले एउटा यस्तो कथाको सिर्जना गर्दछ जुन अपेक्षा गरेभन्दा धेरै प्रेरक र सकारात्मक छ । यसले आशाको बलियो अनुभूति सिर्जना गर्दछ ।

यो निकै राम्रोसँग खिचिएको पनि छ । अन्तर्वार्ताको लागि क्यामरा कति स्थिर छ भनी देख्न सकिन्छ । अन्तर्वार्ताको शट खिच्ने कुरामा कति धेरै सोच खर्च भएको छ : यो उज्यालो छ, रंगीन छ र राम्रोसँग सृजना गरिएको छ, संयोजन गरिएको छ ।

कथा वर्णन नभएको डकुमेन्ट्री फिल्मको यहाँ अर्को उदाहरण छ ।

तपाईंले देख्नुभयो होला यो प्रयोग गर्न निकै कठिन स्वरूप हो, र दर्शकलाई जानकारी वा तथ्यांक दिन धेरै कठिन ।

(Gramps) एउटा धेरै प्रभाववादी डकुमेन्ट्री हो । यसले हामीलाई सोझै जानकारी दिनुको साटो यो मानिसको जीवन कस्तो खालको रहेको छ भन्नेमा एउटा अनुभूति दिन्छ । हामी उसलाई मुश्किलले देख्छौं, उसको हातमात्र देखिन्छ, उ अँध्यारोमा रहेको हुन्छ, हामी उसको घरको कुनाहरु र घरपालुवा बिरालो मात्र देख्छौं ।

यो धेरै कलात्मक छ, र यो विगतबाट, खाली ठाउँहरूबाट र जे छैन त्यहाँबाट आएका वा त्यहाँ रहेका वस्तुहरु बारेको फिल्म पनि हो, किनकि यो मानिसको धेरै उमेरकी श्रीमती भर्खरै बितेकी थिइन् ।

यो एउटा माथिल्लो स्तरको फिल्म हो, र जलवायु परिवर्तन फिल्म बनाउनको लागि हामी यो तरिका अवलाम्बन गर्न सुझाव गर्दैनौं, तर भविष्यमा युवा फिल्म निर्माताहरूले यसमा पनि कार्य गर्न सक्छन् ।

## विविधताको संयोजन

फिल्म निर्माताले डकुमेन्ट्री फिल्म निर्माणका आधारतभूत पक्षहरूसँगै अन्य विभिन्न तरिका प्रयोग गर्न र तिनलाई संयोजन गर्न सक्छन् । यो एउटा माथिल्लो तहको कार्य हो जसको लागि फिल्म निर्देशकसँग धेरै योजना र स्क्रिप्ट चाहिन्छ, र अन्य तरिकाहरूमा राम्रो पकड भइसकेपछि फिल्म निर्माताले यसलाई प्रयोग गर्न सक्छन् ।

डकुमेन्ट्री फिल्म अन्तवार्ता र शीर्षकलाई व्याख्या गर्ने पूरक दृश्य सामग्रीहरूमा मात्र सीमित हुनुहुँदैन, केही निश्चित घटनाहरूलाई फेरि नयाँ तरिकाले दोहोऱ्याउनुपर्ने पनि हुन्छ वा केही खास विषयसामग्री वा अवधारणा व्याख्या गर्न मद्दत गर्ने एनिमेसन र चित्रहरु सिर्जना गर्नुपर्ने हुन्छ । उदाहरणको लागि, एउटा भ्यागुताको जीवनचक्र खिचेर फिल्म बनाउन कठिन हुन सक्छ । यसको लागि माटोको एनिमेसन गरेर वा ह्वाइटबोर्डमा चित्र कोरेर यसलाई देखाउन सकिन्छ ।

यहाँ एउटा डकुमेन्ट्रीको उदाहरण छ, जसले फिल्म खिच्न नसकिने कुराको सिर्जना गर्न एनिमेसनको प्रयोग गर्दछ : द ग्रेट फायर



## सुझावहरु

तपाईंको पहिलो फिल्मको लागि प्रस्तुतकर्ता प्रधान वा भ्वाइसओभर प्रधान स्वरूप वा दुवैको संयोजन प्रयोग गर्न सक्नुहुन्छ । यो हामीले दिने प्रमुख सुझाव हो ।

जानकारी प्रधान वा कथा वर्णन नभएका फिल्महरु बनाउन धेरै कठिन हुन्छ, तर भविष्यमा तपाईंको फिल्मनिर्माण समूहहरूको सीप विकास हुँदै जाँदा यो एउटा राम्रो चुनौती पनि हुनेछ । अहिलेको लागि प्रस्तुतकर्ता वा भ्वाइसओभर स्वरूप प्रयोग गर्नु नै सबभन्दा राम्रो हो । यसबाहेक, आफ्नो जलवायु परिवर्तन सम्बन्धी फिल्मको लागि अन्तर्वार्ताहरु खिच्ने र त्यसलाई सकेसम्म प्रोफेसनल बनाउने कोशिस गर्नुहोस् ।

माथि जे भनिएको भए पनि, बालबालिकाहरूले यो स्वरूप पनि कोशिस गर्न चाहन्छन् भने त्यो गर्न दिनु धेरै राम्रो हुनेछ । उनीहरूको कल्पनालाई स्वतन्त्र दौडन दिऔं !

खासमा, तपाईंले जुनसुकै स्वरूप अवलम्बन गरे पनि माथि उल्लेख गरिए अनुसारको यी चारवटा चरणको संरचना प्रयोग गर्नु धेरै राम्रो हुन्छ :

१. समस्याको परिचय दिने
२. प्रभावको व्याख्या गर्ने
३. समाधान सुझाव गर्ने
४. लाभको व्याख्या गर्ने

यसले तपाईंको फिल्म र तर्क दर्शकले सजिलै बुझ्नसक्नेछन् भन्ने सुनिश्चित गर्दछ ।



## केही हेर्न सकिने डकुमेन्ट्री

यहाँ तपाईंले आफ्नो विद्यार्थीहरूसँग बसेर हेर्नसक्ने केही डकुमेन्ट्री हामीले छनौट गरेका छौं । यसले विद्यार्थीलाई विभिन्न डकुमेन्ट्री स्वरूपमा केन्द्रित हुन मद्दत गर्नेछ (तपाईंले पहिलो तीनवटा मात्र पनि हेर्न सक्नुहुन्छ, र बाँकी ४ र ५ तपाईंको समूह अलिक सिपालु भइसकेपछि हेर्नको लागि सुरक्षित राख्न सक्नुहुन्छ ।)

पांगा जात्रा २०१९

प्रकृतिबाट टेडले सिकेको पाठ

फोकस

पार्किनसन्सको कला

ग्राम्पस

## तपाईंले गर्न सक्ने गतिविधिहरु

- पाँचवटा फिल्ममध्ये कुनै एउटा फिल्मको पहिलो ३० मिनेट प्ले गर्नुहोस् । फिल्मलाई रोक्नुहोस् र यो फिल्म के बारेमा होला भनी विद्यार्थीहरूलाई सोध्नुहोस्, उनीहरूले के चित्रहरु देख्न चाहन्छन् र अब के होला जस्तो उनीहरूलाई लाग्छ भनी सोध्नुहोस् ।

- फिल्मको बाँकी भाग प्ले गर्नुहोस् । विद्यार्थीहरूलाई सोच्न भन्नुहोस्, समूहमा/जोडीमा कार्य गर्न लगाउनुहोस् र यो फिल्मलाई वर्णन गर्न सकिने एउटा वाक्य तयार गर्न भन्नुहोस् र अरू कसैलाई यो हेर्न प्रेरित गर्न भन्नुहोस् ।

- यस प्रकारको फिल्मबाट हामीले के सिक्न सक्छौं र फिल्म किन एउटा रोचक प्रमाण हो भन्ने मा विद्यार्थीहरूलाई लागेका कुरा बाड्न गर्न भन्नुहोस् । फोटोग्राफ, पत्र र समाचार माध्यम जस्ता अन्य प्रमाणसमान वा तीभन्दा फरक कसरी छन् भन्ने कुरा सोधी तपाईंले विद्यार्थीलाई मार्गदर्शन गर्न सक्नुहुन्छ ।

- ट्याब्लेट वा मिडिया प्लेयर प्रयोग गरेर सम्पूर्ण समूह वा साना समूहमा हामी यो फिल्म फेरि हेर्नेछौं भनी विद्यार्थीलाई बताउनुहोस् । तपाईंले सम्पूर्ण सहभागी समूह भएर यो फिल्म हेर्दै हुनुहुन्छ भने विद्यार्थीहरूले छलफल गरी नोट लेख्न सकून् भनेर तपाईंले यसलाई तीनपटक दुई मिनेटका लागि रोक्नुहुनेछ भनी बताउनुहोस् ।

तपाईंले संरचना र स्वरूपको बारेमा धेरै थाहा पाइसक्नुभयो, अब हामी क्यामेरा र साउण्डको बारेमा कुरा गर्नेछौ

## क्यामेरा र साउण्ड

तपाईंले कुनै पनि प्रकारको प्राविधिक उपकरणको सहायताले डकुमेन्ट्री बनाउन सक्नुहुन्छ । यो महँगो क्यामेरादेखि ट्याब्लेटसम्म वा स्मार्टफोनबाट पनि बनाउन सकिन्छ । तपाईंसँग जुनसुकै उपकरण भए पनि त्यसले भिडियो खिच्न सक्छ र साउण्डले काम गर्न सक्छ, तर तपाईंले केही प्राविधिक शब्दहरू सिक्नु महत्वपूर्ण हुन्छ ।

तपाईंको खिच्ने भिडियो शटको प्रकार जान्नुहोस् :


यहाँ क्यामेराको केही महत्वपूर्ण शटका प्रकारहरु दिइएको छ :

- वाईड **शट** (wide shot) : स्थान वा ठाउँ देखाउन (हामी कहाँ छौं भन्ने देखाउन), धेरैभन्दा धेरै कुरा देखाउन प्रयोग गरिन्छ ।
- **लामो शट** (long shot) : व्यक्तिको पूर्ण कद, पैतलादेखि टाउकोसम्म देखाउन प्रयोग गरिन्छ । प्रायः मानिसहरु एकठाउँबाट अर्को ठाउँमा पैदल हिडेको देखाउन यस प्रकारको शटको प्रयोग गरिन्छ ।
- **मध्यम शट** (medium shot) : मानिसलाई कम्मरदेखि टाउकोसम्म देखाउन प्रयोग गरिन्छ । प्रायः दुई (वा बढी) मानिसहरु आपसमा कुरा गरेको देखाउन यो शटको प्रयोग गरिन्छ ।
- **मध्यम क्लोज अप** (medium close-up) : एउटा व्यक्ति बोलिरहेको देखाउन प्रयोग गरिन्छ, लगभग काँधदेखि टाउकोमा माथिसम्म देखाउन यो शटको प्रयोग गरिन्छ ।
- **क्लोज अप** (close-up) : फेरि पनि, यो एउटा व्यक्ति बोल्दै गरेको देखाउन प्रयोग गरिन्छ, तर योपटक केवल उनीहरूको अनुहारको शट खिचिएको हुन्छ ।
- **विस्तृत शट** (detail shot) : यो धेरै नै क्लोज अप शट हो र यो प्रायः महत्वपूर्ण विवरणहरु देखाउन मात्र प्रयोग गरिन्छ, जस्तै लेखेको, घडी, कसैको आँखा आदि ।

तपाईंलाई आफ्नो डकुमेन्ट्रीको लागि सबै प्रकारका शटहरु प्रयोग गर्नुपर्ने पनि हुन सक्छ । ठाउँ वा स्थान देखाउन वाईड शट, मानिसहरु यताउता हिँडेको देखाउन लामो शट, मानिसको बैठक देखाउन मध्यम शट, र अन्तर्वार्ताको लागि वा मानिसहरु आपसमा बोलिरहेको देखाउन मध्यम क्लोजअप र क्लोजअप शटहरु प्रयोग गर्न सकिन्छ ।

तपाईंले आफनो क्यामेरालाई स्थिर पनि राख्नुपर्ने हुन्छ । यदि तपाईंसँग ट्राइपड छ भने अन्तर्वार्ताहरुको लागि प्रयोग गर्नुहोस् । छैन भने आफ्नो उपकरणलाई कुनै स्थिर ठाउँमा राखेर खिच्नुहोस् वा तपाईंको क्यामेरा स्थिर रहने सुनिश्चित गर्न भित्ता, ढोका, रूख वा तपाईंको छेउछाउ जे छ त्यसमा अडेस लाग्नुहोस् ।

## शट आकारहरु



## अन्तर्वार्ताहरू

शीर्षक जुनसुकै भएपनि डकुमेन्ट्रीले प्रायः मानिससँगको अन्तर्वार्ता प्रस्तुत गर्दछ र तपाईंको जलवायु परिवर्तन फिल्मको लागि अन्तर्वार्ताको प्रयोग गर्न हामी सुझाव दिन्छौं । तर फिल्म खिच्नुअघि तपाईंले केही आधारभूत तत्वहरूको बारेमा विचार गर्नु महत्वपूर्ण हुन्छ :

**साउन्ड** (Sound)- अन्तर्वार्ता दिने व्यक्तिको आवाज सकेसम्म स्पष्ट रहेको निश्चित गर्नुहोस् । तपाईंसँग छुट्टै माइक्रोफोन छ भने त्यसको प्रयोग गर्नुहोस् । छैन भने तपाईंको उपकरण (ट्याब्लेट, स्मार्टफोन आदि) सकेसम्म अन्तर्वार्ता दिने व्यक्तिको नजिक राख्नुहोस् ।

त्यसैगरी, संवादहरु स्पष्ट सुनियोस् भन्नको लागि सकेसम्म शान्त स्थान खोज्ने कोशिस गर्नुहोस् । हावालाई छल्न सक्नुहुन्छ त्यो धेरै राम्रो हो । हावाले रेकर्ड गरिहेको बेला तपाईंको साउण्डलाई बिगार्न सक्छ ।

**आँखाको हेराइ** (Eyeline) : तपाईंको अन्तवार्ता व्यक्तिले क्यामेरामा बोल्दा कहाँ हेर्दैछन् भन्ने पनि तपाईंले निर्धारण गर्नुपर्ने हुन्छ ।

यदि तपाईंले प्रस्तुतकर्ता प्रधान फिल्म बनाउँदै हुनुहुन्छ भने अन्तर्वार्ता व्यक्तिले बोल्दाखेरी क्यामेराको देब्रे वा दाहिनेतिर हेरिरहेको हुनु उपयुक्त हुन्छ । यसले उनीहरु प्रस्तुतकर्तासँग बोलिरहेका छन् भन्ने देखाउँछ । प्रस्तुतकर्ता प्रधान स्वरूपमा प्रस्तुतकर्ताले पनि अन्तर्वार्ता व्यक्तिले बोलेको सुन्दै गर्दा बेलाबेलामा प्रतिक्रिया देखाएको वा प्रश्न गर्दै गरेको शट खिच्नु राम्रो सोच हुन आउँछ ।

यदि तपाईंले भ्वाइसओभर प्रधान संरचना अवलम्बन गर्दै हुनुहुन्छ भने तपाईंले अन्तर्वार्ता व्यक्तिलाई क्यामेराको छेउमा हेर्न वा लेन्समा सोझै हेर्न लगाउन सक्नुहुन्छ । छेउतिर हेर्नु स्तरीय स्वरूप हो (यसले अन्तर्वार्ता व्यक्तिले अर्को व्यक्तिलाई हेरिरहे जस्तो देखाउँछ) । तर कुन छनौट गर्ने भन्नेमा स्वतन्त्र महसुस गर्नुहोस् ।

## बी रोल फुटेज

फिल्म निर्माताहरूले ए-रोल र बी-रोल फुटेज भन्ने शब्द प्रयोग गर्छन् । ए-रोल भनेको कथालाई अर्थपूर्ण बनाउन उनीहरूले फिल्म खिच्नुपर्ने हरेक कुरा हुन् र बी-रोल भनेको थप सामग्री हो जसलाई फिल्म निर्माताहरूले कुनै राम्रो ठाउँ, स्थान वा दृश्य भेटेमा खिचेर राख्ने र पछि कथालाई विश्वसनीय बनाउन ती फुटेज सामेल गर्न सक्छन् (जस्तै सूर्यास्त दृश्य, पातबाट पानी तपतप खसिरहेको, फ्याक्ट्री, नदी बगिरहेको आदि) । अन्तर्वार्ता गरिने व्यक्तिको भिडियो मात्र सम्पूर्ण कथा भन्न पर्याप्त नहुन सक्छ ।

अन्तर्वार्ता ए-रोल हो, तर तपाईंको कथा भन्न र तपाईंले चाहेको विस्तृत जानकारी बताउन यो पर्याप्त नभएमा के गर्ने ? यहाँ के भइरहेको छ भन्नेमा दर्शकलाई राम्रो तस्वीर देखाउन तपाईंले रेकर्ड गरेका अन्य सान्दर्भिक ठाउँ, वा कोठामा भएका वस्तुहरु, वा अगाडि वर्णन गरिएका प्रक्रियाका केही अतिरिक्त शटहरु अन्तर्वार्ताको बीचबीचमा वा अन्तर्वार्ता पछि हालेर हेर्न सक्नुहुन्छ ।

सकेसम्म सिर्जनशील बन्नुहोस् । तपाईंको आँखालाई राम्रो लाग्ने कुनै कुरा देख्नुभयो र तपाईंको शीर्षकसँग कुनै तरिकाले सान्दर्भिक र सम्बन्धित छ भने यसलाई खिचिहाल्नुहोस् । धेरै खिच्न सक्नुभएन भने पनि कम्तीमा १० सेकेन्ड जतिको दृश्य लिनुहोस्, किनकि सम्पादनको बेला बी-रोल फुटेज तपाईंले कसरी प्रयोग मन लाग्छ भन्ने पहिल्यै तपाईंलाई थाहा हुँदैन । जेभएपनि फिल्म एउटा भिजुअल मिडिया अर्थात् दृश्य माध्यम हो र तपाईंले आफ्नो वरिपरि जे खिच्नुभएको छ त्यसबाट धेरै कुरा देखाउन सकिन्छ ।



## संवाद

तपाईंले अन्तर्वार्ता लिएका मानिसले भनेका हरेक कुराले दर्शकको लागि अर्थ पैदा गर्छ भन्ने कुरा मनन गर्नु जरूरी छ ।

यदि तपाईंले प्रस्तुतकर्ता प्रधान संरचना अवलम्बन गर्दै हुनुहन्छ भने यो प्रायः समान्य प्रकारको हुनेछ - प्रस्तुतकर्ताले प्रश्न सोध्छन्, अन्वर्तार्ता व्यक्तिले यसको उत्तर दिन्छन्, र दर्शकहरूका लागि पनि यो बुझ्न सजिलो हुन्छ ।

तर यदि तपाईंले आफ्नो डकुमेन्ट्रीको लागि फरक स्वरूप प्रयोग गर्दै हुनुहुन्छ भने दर्शकहरूले सोधिएका प्रश्नहरु सुन्ने छैनन् । तपाईंको अन्तर्वार्ता व्यक्तिले भनेका कुराको अर्थ दर्शकले पूर्ण बुझेको सुनिश्चित गर्ने एउटा तरिका भनेको अन्तर्वार्ता व्यक्तिले दिने उत्तरमा शीर्षकलाई पनि सामेल गर्न अनुरोध गर्नु हो ।

उदाहरणको लागि व्यक्तिले जलवायु परिवर्तनलाई "यो एउटा समस्या हो" भन्नुको साटो "जलवायु परिवर्तन एउटा समस्या हो" भन्न अनुरोध गर्नुहोस् ।

फिल्म खिच्नुभन्दा पहिले तपाईंको अन्तर्वार्ता व्यक्तिसँग कुरा गरी उनीहरूले यो कुरा बुझेको सुनिश्चित गर्नुहोस् । एउटा सजिलो समाधान भनेको उनीहरूलाई पूर्ण वाक्यहरूमा उत्तर दिन अनुरोध गर्नु हो, ताकि उनीहरूले प्रश्नको भागलाई पनि उत्तरभित्र सामेल गरून् । उदाहरणको लागि, "समस्या के हो" भन्ने प्रश्नको उत्तर "जलवायु परिवर्तन एउटा समस्या हो" भन्ने हुनेछ ।

प्रोफेसनल रूपमा अन्तर्वार्ताहरु कसरी रेकर्ड भन्ने कुराको एउटा राम्रो र समग्र उदाहरणको लागि यो फिल्म एउटा अत्युत्तम उदाहरण हो ।

## संगीत

यदि तपाईंले आफ्नो डकुमेन्ट्रीमा संगीत प्रयोग गर्दै हुनुहुन्छ भने यो प्रतिलिपि अधिकारबाट पूर्ण मुक्त रहेको हुनुपर्छ ।

उपकरणहरु बजाएर तपाईंले आफ्नै साउण्डट्र्याक बनाउनु सबभन्दा राम्रो विकल्प हो । यदि यो सम्भव छैन भने, संगीत डाउनलोड गर्न प्रतिलिपि अधिकार मुक्त रहेको स्रोतको प्रयोग गर्नुहोस् - इनकम्पिटेक, बेनसाउण्ड, पर्पल प्लानेट, र युट्युब अडियो लाइब्रेरी सबै प्रतिलिपि अधिकार मुक्त संगीतका राम्रा स्रोतहरु हुन् ।

## सम्पादन

डकुमेन्ट्रीको फिल्म खिचिसकेपछि तपाईंले फुटेजलाई एकसाथ सम्पादन गर्नुपर्ने हुन्छ । यसको लागि महँगो सफ्टवेयर चाहिँदैन । सबै एप्पल प्रोडक्टहरूमा आइमुभी रहेको हुन्छ, जुन प्रयोग गर्न धेरै सरल छ ।

यदि तपाईंले अन्य कम्प्युटर वा एन्ड्रोइड फोन प्रयोग गर्दैहुनुहुन्छ भने निःशुल्क सम्पादन एप खोज्नुहोस् ।

आफ्नो विद्यार्थीहरूलाई पनि सोध्नुहोस् किनकि उनीहरूलाई सम्पादन सफ्टवेयरको बारेमा पहिल्यै धेरै थाहाँ हुनसक्छ ।


तपाईंलाई सुरू गर्नको लागि केही थप सुझावहरु :

- सम्पादन भनेको कथालाई प्रभावकारी रूपमा भन्ने कला हो । झल्याकझुलक फेन्सी प्रभाव र चाल/परिवर्तनहरु प्रयोग गर्नुको साटो सम्पादकले कथालाई प्राथमिकता दिनुपर्छ, किनकि सन्दर्भबाट हटेर प्रयोग गरिने यस्ता कुराले दर्शकको ध्यानलाई विचलित गर्दछ ।

- एउटा राम्रो फिल्म सम्पादन सम्बन्धी निर्देशिका धेरै नै सहयोगी हुन्छ । त्यसैले त धेरै प्रोफेसनलहरूले स्क्रिप्ट र/वा स्टोरीबोर्डलाई सन्दर्भको रूपमा हेर्दछन् ।

- देखाउनुहोस्, नभन्नुहोस् : एउटा राम्रो भिडियो सम्पादन गर्नुभनेको खिचिएको सबै कुरालाई एउटै भिडियोमा राख्नु भन्ने होइन । यो भनेको कथा बताउन के कुरा समावेश गर्ने भन्ने बारेमा हो । कथालाई छोटोमिठो बनाउन एउटा राम्रो सम्पादकले भिडियोका अंशहरु काट्न डराउँदैनन् । लामो (बढी वर्णनात्मक) सम्पादन निरस र दिक्क लाग्दो हुन सक्छ ।

- इन्टरनेटमा भिडियो सम्पादन सिकाउने सामग्री धेरै पाइन्छन्, जसले तपाईंको सीपहरु सुधार गर्न मद्दत गर्न सक्छ । ती सामग्रीका प्रशिक्षकले भनेका हरेक कुराहरु क्रमैसँग गर्दा मात्रै पनि धेरै कुरा सिक्न सकिन्छ ।



## विषयवस्तु

जलवायु परिवर्तन सम्बन्धी डकुमेन्ट्री फिल्म निर्माणमा तलका मध्ये कुनै एउटा विषयवस्तु समेट्न हामी सुझाव दिन्छौं :

- नवीकरणीय/पुनःप्रयोग गर्ने (नेपाललाई सफा राख्ने)
- लैङ्गिक (भूमिको स्वामित्व, आदि - यो कुरा जलवायु परिवर्तनसँग कसरी जोडिन्छ ?)
- शून्य कार्बन अर्थतन्त्र/चक्रीय अर्थतन्त्र (फेसन, प्रविधि र धेरै उद्योगहरूले कार्बन उत्सर्जन गर्दछन्-. हामी यसलाई कसरी परिवर्तन गर्न सक्छौं, र अझैपनि हाम्रो रमाइलो संसारमा बस्न सक्छौं)
- मानसिक स्वस्थता( हामी हाम्रो दैनिक समय तालिकामा कसरी सानो परिवर्तन गर्न सक्छौं जसले हाम्रो र हामी वरपर रहने व्यक्तिहरूको मानसिक स्वस्थतामा लाभ प्रदान गर्दछ, साथै जलवायु परिवर्तन/प्रदूषण कम गर्न सकारात्मक प्रभाव पार्दछ ?)
- व्यक्तिको प्रकृतिसँगको सम्बन्ध - प्रकृतिको रक्षा गर्ने पर्खालमा हामी सबैले कसरी एक-एकवटा ईंटा थप्न सक्छौं, वा हामी सबैलाई एक गराउने साङ्लोमा जोडिने वा एउटा कलात्मक पूर्ण वस्त्रको धागोहरु कसरी बन्न सक्छौं ।
- पानी : जल प्रदूषण र स्वच्छ/सफा पानीमा पहुँचको अधिकार ।

विषयवस्तु प्रयोग गर्दा यसले फिल्ममा ठोस रूपमा केन्द्रित हुन मद्दत गर्छ - त्यसैले यो जलवायु परिवर्तनको बारेमा बनाउनुहोस्, तर माथिको कुनै एउटा विषयवस्तुमा केन्द्रित भएर गर्नुहोस् ।



## केही थप बुदाहरु

क्यामेरा, साउण्ड, संरचना, स्वरुप र अन्तर्वार्ता बाहेक केही अन्य तत्वहरु पनि छन् जसलाई डकुमेन्ट्री बनाउँदा ध्यान दिनुपर्ने हुन्छ र ती हुन् :

- सन्तुलन
- तथ्यांक
- समावेशिता

तिनीहरुलाई हामी यहाँ विस्तृतमा बताउनेछौं ।

### सन्तुलन

म्डकुमेन्ट्रीले तर्क/बहसको दुवै पक्षलाई समावेश गर्नुपर्छ र त्यसैले तपाईंले शीर्षकलाई सकेसम्म वृहतरुपमा हेर्नुपर्छ । एउटा सन्तुलित डकुमेन्ट्री बनाउन हरेक दृष्टिकोण सामेल गर्नुपर्छ ।

कहिलेकाहीं यो कठिन हुन सक्छ, किनकि केही शीर्षक यस्ता हुन्छन् जसलाई तपाईंले तत्काल गलत रहेको सोच्नु हुनेछ, तर यसलाई अझ गहन रुपमा सोच्नु महत्वपूर्ण हुन्छ ।

उदाहरणको लागि, प्रदूषणमा केन्द्रित हुँदा यो प्रदूषण किन भइरहेको छ भन्ने कुरा र यो प्रदूषण उत्पन्न गर्ने मानिसहरुले अनुभव गरिरहेको कठिनाइ समावेश गर्न नबिर्सनुहोस् । उदाहरणको लागि, यदि एउटा फ्याक्ट्रीले प्रदूषण सिर्जना गरिरहेको छ भने उक्त फ्याक्ट्रीमा जोखिममा रहेका जागीरहरु र उक्त फ्याक्ट्रीमा काम गर्ने मानिसहरुको जीवनहरुलाई विचार गर्नुहोस् - वा अन्य ठूला संगठनहरुबाट उक्त फ्याक्ट्रीले सामना गरिरहेका प्रतिस्पर्धालाई समेत विचार गर्नुहोस् ।

तपाईंको डकुमेन्ट्री जति बढी सन्तुलित हुन्छ, त्यति नै बढी तपाईंको तर्क विश्वसनीय र दमदार हुन्छ ।

### सोसल मिडिया

आजकल हामी धेरैजसो व्यक्ति सामाजिक मिडियामा छौं, त्यसैले आफू अनलाइनमा जोडिएका मानिसका जानकारी, भिडियो वा फोटोहरु तपाईंलाई समावेश गर्न मन लाग्न सक्छ ।

यसो गर्दा तपाईंले उनीहरुको गोपनीयताको सम्मान गर्ने र उनीहरुको अनुमति भएमा मात्र उनीहरुको नाम साझा गर्ने कुरा निश्चित गर्नुहोस् ।

सोसल मिडिया हामीलाई जोड्ने र जानकारीहरु आदानप्रदान गर्ने एउटा धेरै राम्रो सामग्री र माध्यम हो, तर मानिसको गोपनीयता सम्मान गरिने कुराको तपाईंले निश्चित गर्नुपर्छ ।

यदि तपाईंले आफ्नो कोप२६ डकुमेन्ट्री सोसल मिडियामा शेर गर्नुहुन्छ भने डकुमेन्ट्री तयार गर्दा त्यसमा बालबालिकाको पूरा नाम प्रयोग नगरिएको सुनिश्चित गर्नुपर्छ ।

### तथ्यांक

यदि तपाईंले अर्को स्रोतबाट आफ्नो डकुमेन्ट्रीमा तथ्यांक र सूचना समावेश गर्दैहुनुहुन्छ भने तपाईंले यो कहाँबाट लिनुभएको हो भन्ने कुरा साभार गर्नु महत्वपूर्ण हुन्छ । उदाहरणको लागि, यदि तपाईंले कोभिड १९ बारेको केही जानकारी विश्व स्वास्थ्य संगठनको वेवसाइटमा पाउनुहुन्छ भने तपाईंले उक्त तथ्यांक/जानकारी साझा गर्दा त्यो जानकारी पनि स्क्रीनमा साभार गरेर राख्न नबिर्सनुहोला ।

स्रोत कहाँबाट आएको हो भन्ने कुरा साभार वा उल्लेख नगरिकन तथ्यांक/जानकारी प्रयोग गरिएको डकुमेन्ट्री कम विश्वसनीय हुन्छ । तपाईको स्क्रीनमा सँधै स्रोत उल्लेख गर्नुपर्छ । तपाईंले आफ्नो तथ्यांक/जानकारी कहाँ भेट्नु भएको हो भन्नेमा सानो सन्दर्भ भए पुग्छ । यो कस्तो देखिन्छ भन्ने यहाँ एउटा उदाहरण छ - तपाईंले स्क्रीनको तल फेदमा दाहिनेतिर स्रोत उल्लेख गरेको देख्न सक्नुहुन्छ :





## समावेशिता

आजको संसारमा हामीले हाम्रो फिल्ममा सकेसम्म धेरै विभिन्न दृष्टिकोणहरु समावेश गर्नु महत्वपूर्ण हुन्छ ।

त्यसैले, मानिससँग कुरा गर्दा वा विज्ञहरूको राय समावेश गर्दा सदैव महिला र पुरुष, फरक लिङ्का वर्गमा पर्ने व्यक्तिहरु, बालक र बालिका, ज्येष्ठ नागरिक र युवाहरु, र विभिन्न जातीय पृष्ठभूमिका मनिसहरूको भनाइ पनि समावेश गरिने कुरा निश्चित गर्नुहोस् ।

तपाईंको अन्तर्वार्ताका व्यक्ति र विज्ञहरूमा जति धेरै विविधता भएका हुन्छन्, त्यति नै धेरै तपाईंले दृष्टिकोणहरु समेट्नु हुनेछ – र यसले तपाईंको डकुमेन्ट्रीलाई बलियो बनाउँछ र वृहत दर्शकहरूसँग जोड्दछ । समावेशितालाई लैङ्गिक, जात/जातीय पृष्ठभूमि, उमेर, विचारधाराको पक्षबाट पनि हेरिन्छ । विविध मानिसका समूहसँग कार्य गर्नाले तपाईंको कार्यको कथा र सत्यतालाई अझ बलियो बनाउँछ ।

## कृतज्ञता र मन्जुरी

अनस्क्रीन र अफस्क्रीन दुवै रूपमा तपाईंको फिल्ममा सहभागी हुने मानिसले तपाईंको परियोजनालाई सम्भव बनाउन आफ्नो समय र प्रयास खर्चेका हुन्छन् । त्यसैले, फिल्ममा उनीहरूलाई श्रेय दिन वा अभार व्यक्त गर्न नबिर्सनुहोला ।

स्क्रीनमा देखिने मानिसले आफ्नो भौतिक स्वरूप र आवाज रेकर्ड गर्न तपाईंलाई अनुमति दिइरहेका हुन्छन् । भविष्यमा समस्या नआओस् भन्नका लागि उनीहरूलाई मन्जुरी फाराम हस्ताक्षर गर्न अनुरोध गर्नुहोस्, यसले तपाईंलाई औपचारिक मन्जुरी प्रदान गर्दछ । १८ वर्षभन्दा मुनिका बालबालिकाको लागि तपाईले उनीहरूको अभिभावकको मन्जुरी लिनुपर्ने हुन्छ । मन्जुरी फाराम तयार गर्न तपाईंलाई सहयोग चाहिएमा हामीसँग सम्पर्कमा रहनुहोस् ।

ब्रिटिश काउन्सिलको काउन्टी इनोभेसन फन्डको माध्यबाट क्यामरा सिकले नयाँ चरणको अनुदान, क्षमता विकास र मौलिक सिर्जनाका अवसरहरु ल्याउँदैछ । यी सहभागिताहरूले फिल्मको माध्यमबाट सन् २०२१ नोभेम्बरमा हुने कोप२६ को पूर्वसन्ध्यामा जलवायु परिवर्तनका सवालहरूमा बालबालिकाको आवाज विस्तार गर्न मद्दत गर्नेछ ।

आगामी गतिविधि र कार्यक्रमहरूमा :

- जलवायु परिवर्तन सम्बन्धी फिल्म प्रतियोगिता
- जलवायु परिवर्तन फिल्मका लागि अनुदानहरु
- डकुमेन्ट्री फिल्म निर्माण कार्याशाला

तपाईंले यस कार्यक्रमबारे थप जानकारी britishcouncil.org.np र intofilm.org मा पाउनुहुनेछ ।